त्रिपुरासुन्दरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : १ त्रिपुराकोट खण्डः २, २०७५ असोज १ गते

भाग १ अंक

त्रिपुरासुन्दरी नगरपालिकाको

## बालवालिकाको अधिकार व्यवस्थित गर्ने ऐन, २०७५

स्तावनाः

त्रिपुरा सुन्दरी नगरपालिकालाई बालमैत्रीनगरको रुपमा स्थापित गराउने अभिप्रायले बालबालिकाको हकहितलाई प्रवर्द्धन गर्ने, घर, परिवार र समाजमा बालबालिकाप्रतिको दृष्टिकोणलाई सामाजिक रुपमा बालअधिकार सम्वन्धी बिद्यमान संघीय कानुन र नेपालले पक्ष राष्ट्रको हैसियतबाट अनुमोदन गरेका अन्तराष्ट्रिय महासन्धीको भावनाअनुरुप गरिने कृयाकलापलाई व्यवस्थित रुपमा अघि वढाउनु महानगरपालिकाको महत्वपूर्ण कार्य हो भन्ने तथ्यलाई दृष्टिगत गर्दै बालअधिकारका क्षेत्रमा देखिएका प्रतिकुल अवस्थालाई आधार मानेर स्थानीयतहमा बालबालिकाको हकहितलाई संरक्षण गर्ने, आवस्यकतालाई पहिचान गर्ने, सम्वद्ध क्षेत्रको समस्यालाई न्यूनीकरण गर्दै जानु स्थानीय सरकारको मूलभूतकर्तव्य समेत हुदाँ बालअधिकार संरक्षणका क्षेत्रमा देखिएका चूनौतिहरुलाई सहि ढंगले संवोधनगर्न आवश्यकता महसुस गरी त्रिपुरा सुन्दरी नगरपालिकाको नगर सभावाट प्रस्तुत बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७५ बनाई जारी गरिएको छ ।

## परिच्छेद - १
## प्रारंम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम “बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७५” रहने छ ।

(२) यो ऐन त्रिपुरासुन्दरी नगरपालिकाको नगर सभाले पारित गरेको मितिदेखि लागू हुने छ ।

**२. परिभाषा :**

विषय वा प्रसंड्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) **"बालअधिकार"** भन्नाले यस ऐनको दफामा व्यवस्थित बालबालिकाको अधिकारलाई जनाउँछ ।

(ख) **"महासन्धी"** भन्नाले बालअधिकार सम्वन्धी अन्तराष्ट्रिय महासन्धी सन १९८९ लाई जनाउँछ ।

(ग) **"समिति"** भन्नाले ऐनको दफा ३ (१) बमोजिम गठिंत समितिलाई जनाउँछ ।

(घ) **"संरक्षण अधिकारी"** भन्नाले ऐनको दफा ३ (१) बमोजिम गठित समितिको प्रमुख भै काम गर्ने अधिकारीलाई जनाउँछ ।

## परिच्छेद - २
## बालसंरक्षण समिति सम्वन्धी व्यवस्था

**३. बाल संरक्षण समितिको गठन तथा कार्य संचालन विधि :**

(१) त्रिपुरासुन्दरी नगरपालिकामा देहायवमोजिमको एक बाल संरक्षण समिति रहनेछ ।

(क) नगरपालिका प्रमुखले तोकेको वडाअध्यक्ष संयोजक

(ख) नगर बाल संरक्षण समितिको एकजना प्रतिनिधि सदस्य

(ग) बालअधिकारको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाको प्रतिनिधि सदस्य

(घ) नगर क्षेत्रभित्र स्थापित बालसुधार गृहको प्रतिनिधि सदस्य

(ड) नगरपालिकाको बालबालिका सम्वन्धीत महाशाखाको प्रमुख सदस्य सचिव

(२) बाल संरक्षण अधिकारी सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४. बाल संरक्षण समितिको कामकर्तव्य र अधिकार :**

(क) बालबालिकाको हकहित संरक्षण सम्वन्धी योजनाको तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने ।

(ख) संघीय कानुन अनुसार स्वीकृत बालअधिकार सम्वन्धी शिक्षा नीति का कार्यक्रमहरु तयार गर्ने ।

(ग) उपदफा (क) र (ख) मा उल्लेख गरिएका योजना र कार्यक्रमहरुलाई लागु गर्न आवश्यक संयन्त्र तयार गर्ने ।

(घ) बाल अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुको अभिलेख राख्ने, अनुगमन र नियमन गर्ने ।

**५. बाल संरक्षण समितिको कार्यकाल :**

दफा ४ बमोजिमको समितिको कार्यकाल गठंन भएका मितिले दुई बर्ष को हुनेछ ।

**६. नियम बनाउने अधिकार :** (क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवस्यक नियमावली बनाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

**७. वाधा अडकाउ फुकाउने अधिकार :**

(क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्दा वाधा अड्काउँ परेमा वाधा अडकाउ फुकाउने अधिकार कार्यपालिकामा हुनेछ ।

**प्रमाणिकरण मितिः**

**राजपत्र प्रकाशित मितिः**